# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल ।

प.सं.: २०७९/०८०-
च.नं. : ९६०१

मितिः२०७९/१२/१६

श्री मनहरी गाउँपालिका
सबै शाखा/उपशाखा प्रमुखहरु
वडा कार्यालय/वडा सचिवहरु
मनहरी, मकवानपुर

विषयः निर्णय कार्यन्वयन गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा मिति २०७९ चैत्र १६ गते बिहीबार बसेको आ. व. ०७९/८० को चौधौ गाउँ कार्यपालिका बैठकको निर्णय पाना पाचँ (५) थान यसै साथ संलग्न छ। सो निर्णयानुसार तहाँ संग सम्बन्धित निर्णयहरु हेरी समयमै आवश्यक कारबाही गर्नु गराउनु हुन अनुरोध छ।

.............................
(मोहनकुमार श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७९/१२/१६ गते बिहिबार बिहान ८:०० बजे आ.व. २०७९/८० को यस मनहरी गाउँ कार्यपालिकाको चौधौं बैठक गाउँपालिकाका अध्यक्ष श्री रन्जन कालाखेती ज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो ।

उपस्थिति

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाख्रिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री युव राज थपलिया | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री मोहनकुमार श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित

१. श्री सिर्जना बतौंला सहायक पाचौं

२०७९ चैत १६ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बागमती प्रदेश, नेपाल

२०७९ चैत १६ गते बसेको गाउँ कार्यपालिकाको चौधौं बैठकको छलफलका विषयहरु :

मोहन कुमार
प्रमुख प्रशासकीय अधिकृत

१. विगतका निर्णयको समीक्षा सम्बन्धमा ।

२. घ वर्गको निर्माण व्यावसायी इजाजत प्रमाणपत्र सम्बन्धी कार्यविधि, २०७५ माथि संशोधन सम्बन्धमा ।

३. प्रदेशबाट कार्यान्वयन हुने योजनाका चारकिल्ला सम्बन्धमा ।

४. लागत सहभागिताका योजनाको रकम बाँडफाँट सम्बन्धमा ।

५. करारमा पदपूर्ति सम्बन्धमा ।

६. विपद्का कारण योजना तथा संरचना सुधार माग भएको सम्बन्धमा ।

७. विभिन्न निकाय/संघ संस्थाबाट तत्काल योजना सञ्चालन हुने गरी योजना माग भइ आएको सम्बन्धमा ।

८. योजनाको शीर्षक परिवर्तन सम्बन्धमा ।

९. वडा नं. ७ र ९ को वडा कार्यालयको कम्पाउण्ड वाल निर्माण सम्बन्धमा ।

निर्णयहरु:

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा गत पौष १२ गते १६, पौष २७ गते १४, माघ २६ गते २७, फागुन १६ गते १६ र चैत १ गते ८ वटा गरी जम्मा ७१ वटा निर्णय भएकोमा विगतमा भएका गाउँ कार्यपालिका बैठकबाट भएको अधिकांश निर्णय कार्यान्वयन भइसकेका र केही निर्णय कार्यान्वयनको चरणमा रहेको समीक्षा गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा साविकमा रहेको मनहरी गाउँपालिका महिला घ वर्गको निर्माण व्यावसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ समय सापेक्ष बनाउन कार्यविधिको अनुसूचि ५(३) मा भएको व्यवास्था अनुसार मेशिन तथा उपकरणहरु फर्म दर्ता भएको मितिले दुई बर्ष भित्र खरिद गर्ने गर्ने र सो अगावैको अवधिको लागि भाडामा लिएका साधनलाई समेत दर्ता हुने गरि संशोधन गरि पारित गर्ने र राजपत्रमा प्रकाशनको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

रन्जन कालाखेती
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा गाउँपालिकाको सम्बन्धित वडा कार्यालय समेतबाट सिफारिस भई आएका तपसिल बमोजिमका संरचनाहरु, (जुन विगतदेखि सार्वजनिक उपयोगमा समेत रहेका छन्) तपसिल बमोजिमका स्थानमा निर्माणका लागि प्रदेश सरकारका निकायहरुबाट यस आर्थिक बर्षको लागि बजेट विनियोजन भएको हुँदा सो को तपसिल बमोजिम चारकिल्ला खोली निर्माण अगाडी बढाउन अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम | पूर्व | पश्चिम | उत्तर | दक्षिण | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | कालिका मन्दिर निर्माण मनहरी ४ | कि.नं. ११६४ र १६१९ | खेल मैदान | कि.नं. ११४४ | कृषि फर्म | |
| २. | वडा नं. ५ खेलकुद मैदान मनहरी ५ | चुरियामाई मन्दिर तथा वस्ती | चौराहा खोला | चौराहा खोला | चुरियामाई सामुदायिक वन | |

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा जनलागत सहभागिताका योजनाहरु शीर्षकमा विनियोजित रकम कार्यान्वयनको लागि मिति २०७९ पौष १२ गते बसेको गाउँ कार्यपालिकाको आठौं बैठकको निर्णय बमोजिम कार्यालयले सूचना प्रकाशन गरेको र तोकिएको समयसीमाभित्र प्राप्त हुन आएको प्रस्तावहरु मध्ये मिति २०७९।१०।२६ मा बाँडफाँट भइ बाँकी रहेका रकम तपसिल बमोजिम रकम बाँडफाँड गरी सम्बन्धित उपभोक्ता समिति/लाभग्राही समूहसँग सम्झौता गरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.सं. | आयोजना/योजनाको नाम | कार्यान्वयन हुने स्थान | लाभग्राहीबाट व्यहोर्ने | गा.पा.बाट | कूल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | आधारभूत स्वास्थ्य इकाई ६ नं. वडा एम्बुलेन्स खरिद | मनहरी ६ | ४,८०,०००। | ७,२०,०००। | १२,००,०००। | |
| २. | कल्लेखोलादेखि डिपाड छेउसम्म ड्याम निर्माण | मनहरी ६ | २,००,०००। | ३,००,०००। | ५,००,०००। | |
| ३. | सिमपानी देउकोट सामुदायिक वन सडक | मनहरी ८ | ३,२०,०००। | ४,८०,०००। | ८,००,०००। | |
| ४. | रातमाटे खोल्सी नियन्त्रण | मनहरी ९ | २,४०,०००। | ३,६०,०००। | ६,००,०००। | |
| ५. | कार्की तिवारीटोल लिफ्ट | मनहरी ४ | १,२०,०००। | १,८०,०००। | ३,००,०००। | |

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रजैया, मकवानपुर बागमती प्रदेश, नेपाल

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सिन्चाई | | | | | |
| ६. | लामिटार मध्यबर्ती सामुदायीक बन उपभोक्ता समुह भवन निर्माण | मनहरी ३ | ४०,०००। | ६०,०००। | १,००,०००। | |
| ७. | राष्ट्रिय रोटरी मा.वि. पालेघर निर्माण | मनहरी ७ | १,२०,०००। | १,८०,०००। | ३,००,०००। | |
| जम्मा | | | | | | |

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा मनहरी गाउँपालिका यस गाउँपालिकामा दरबन्दी रहेका पशु विकास अधिकृत डा. श्री सरोज खतिवडा मिति २०७९ श्रावण महिनाबाट लागू हुने २०७९।०५।०७ देखि लागू हुने गरी २०८१।०५।०६ सम्म अध्ययन विदामा रहनु भएका कारण सेवा प्रवाहमा समस्या भएको हुँदा निज सेवामा फर्की नआए सम्म अवधिको लागि र कार्यालयमा रोजगार संयोजकको रुपमा कार्यरत श्री शारदा पोखरेलले आफ्नो पदबाट २०७९।१२।१ गतेबाट स्वेच्छाले राजिनामा दिनु भएको हुँदा अर्को व्यवस्था नभएसम्मको लागि प्रचलित कानून बमोजिम करारमा पदपूर्तिको प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा गर्दा गाउँपालिकासँग तपसिल बमोजिमको विभिन्न निकाय/संघ/संस्था तथा व्यक्तिबाट अवरल बर्षा तथा आगलागीबाट प्रभावित भइ सहयोग माग भइ आएको हुँदा तपसिल बमोजिम शीर्षकबाट सहयोग रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | माग गर्नेको विवरण | प्रयोजन | शीर्षक | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | पन्चलाल नेगी मनहरी ३ | घर गोठ जलेको | विपद् व्यवस्थापन कोष | २०,०००। | |
| २. | प्रो. रुपक बर्तौला एम.डि. मिनि मार्ट | गाउँपालिका अध्यक्षज्यूबाट अविरल बर्षाको कारण गत असोज महिनामा खाद्य सामग्री वितरण | आर्थिक सहायता | ३२,०००। | |

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा गाउँपालिकासँग तपसिल बमोजिमको विभिन्न निकाय/संघ संस्थाबाट तत्काल कार्य नगर्दा स्थानीयबासीको दैनिक जनजीवन प्रभावित हुने हुँदा तपसिल



रन्जन कालाखेती

२०७९ चैत १६ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

बमोजिमका योजना तपसिल बमोजिमको शीर्षकबाट कार्यान्वयन हुने गरी योजना सञ्चालन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजना | प्रयोजन | शीर्षक | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | १० मिटरको बाटोको लागि ह्युम पाइप मनहरी ६ | सडक सधै सुचारु गर्न | अन्य सार्वजनिक निर्माणका योजनाहरु | ५५,०००। | |
| २. | पालदमार झोलुङ्गे पुल जाने बाटो मर्मत मनहरी ३ | आवागमन सुचारु बनाउन | अन्य सार्वजनिक निर्माणका योजनाहरु | १,५०,०००। | |
| ३. | पानीघाट खानेपानी मर्मत मनहरी २ | करिब ३५ घरधुरीलाई खानेपानी सुचारु गर्न | अन्य सार्वजनिक निर्माणका योजनाहरु | ४३,०००। | |
| ४. | आश्रम टोल सिञ्चाई तथा खानेपानी मनहरी १ | डढेलोका कारण क्षति भएको र तत्काल सञ्चालनका लागि | विपद् व्यवस्थापन कोष | १,९५,०००। | |
| ५. | सिद्धकाली छेउ कुलो मर्मत मनहरी ३ | बालीनाली लगाउन | अन्य सार्वजनिक निर्माणका योजनाहरु | ४५,०००। | |
| ५. | देउकोट खानेपानीको लागि टि.ओ.डि. मिटर जडान लगायत मनहरी ८ | खानेपानी सुचारु गर्न | अन्य सार्वजनिक निर्माणका योजनाहरु | १,००,०००। | सामग्री खरिद गरी हस्तान्तरण |
| ६. | भुन्द्रुङ भट्ट टोल सडकमा ह्युम पाइप तथा खानेपानी मर्मत सुधार विछ्याउने मनहरी ३ | सडक सुचारु गर्न | अन्य सार्वजनिक निर्माणका योजनाहरु | ४८०००. | |
| ७. | नयाँ वस्ती सिञ्चाइ कुलो मर्मत मनहरी ८ | सिञ्चाइ कुलो सुचारु गर्न | अन्य सार्वजनिक निर्माणका योजनाहरु | ९०,०००। | |
| ८. | घरेटी नयाँ बस्ती टोल खानेपानी पाइप खरिद तथा हस्तान्तरण मनहरी ९ | खानेपानी सुचारु | विपद् व्यवस्थापन कोष | लागत अनुमान बमोजिम | आगलागीबाट पाइप नष्ट |



प्रमुख प्रशासकीय अधिकृत

रन्जन कालाखेती

| | | | | | |
|---|---|---|---|---|---|
| | चर्च निर्माण | | निर्माणका योजनाहरु | | |

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा गर्दा आ.व. ०७९/०८० को स्वीकृत वडास्तरीय योजनाहरुको विविध कारणले कार्यान्वयन तथा सञ्चालन गर्न कठिनाई रहेको व्यहोरा सहित वडा कार्यालयको सिफारिस प्राप्त हुन आएको हुँदा तपसिल बमोजिमको योजनाहरु तपसिल बमोजिम कार्यान्वंयन तथा संचालन गर्ने निर्णय गरीयो ।

| क्र. सं. | साविक योजनाको नाम | विनियोजित रकम रु. | क्र. सं. | संशोधित योजनाको नाम | संशोधित रकम रु. | कैफियतत |
|---|---|---|---|---|---|---|
| १. | कृषि सडक ट्र्याक ओपन वडा नं. ७ | ३,००,०००। | १. | रमनटार नाला निर्माण | ३,००,०००। | २०७९।०८।२१ मा भएको निर्णय कार्यान्वयवन नगर्ने गरी |
| २. | ३ नं वडा कार्यालय मर्मत योजना | ३,००,०००। | २. | नमूना सहकारी जाने बाटो | १,००,०००। | |
| | | | ३. | धनेश्वरी मन्दिर मर्मत | २,००,०००। | |
| ३. | जनज्योति आ.वि. मनहरी १ गोगनपानी घेराबार | ४,००,०००। | ४. | चौर सम्याउने, भवन मर्मत, सिढी निर्माण | ४,००,०००। | २०७९।१०।२६ मा भएको निर्णय संशोधन |
| जम्मा | | १०,००,०००। | | | १०,००,०००। | |

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ७ र ९ को भवन निर्माण कार्य सम्पन्न भई भुक्तानी समेत गरिसकेको र उपरोक्त दुबै कार्यालय भवनको सुरक्षाका लागि कम्पाउण्ड वाल नभएका कारण कार्यालय भवनको सुरक्षा हुन नसकेको हुँदा सभाका बाह्रौं अधिवेशनको निर्णय नं. २ मा उल्लेख भए बमोजिम वडा नं. ७ र ९ को वडा कार्यालयको कम्पाउण्ड वाल निर्माण शीर्षकमा बजेट विनियोजन भएको हुँदा विनियोजित रकम बराबरको कम्पाउण्ड वाल निर्माणको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

उपरोक्त प्रस्तावहरु उपर छलफल गरी सर्वसम्मत निर्णय गरियो ।